केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/ १० /०६५/६६ मिति : २०६५/५/२०

**इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु**

**विषय : गाभ्ने/गाभिने र स्तरोन्नति हुने सम्बन्धमा ।**

महाशय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम तल्लो वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था माथिल्लो वर्गमा परिणत हुनको लागि वा दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न/गाभिन वा यसरी गाभिई सकेपछि स्तरोन्नति हुन यस बैंकमा निवेदन दिने इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा निम्नानुसारको व्यवस्था कायम गर्ने निर्णय भएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **स्तरोन्नति हुने सम्बन्धमा**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३६ बमोजिम तल्लो वर्गको इजाजतपत्रप्राप्त संस्था माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुनको लागि यस बैंकमा निवेदन पेश हुन आएमा निम्नानुसार गर्ने ।

माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थाको लागि आवश्यक पर्ने पूँजी पूरा गरेर वा नगरीकन सैद्धान्तिक सहमति पाउँ भनी निवेदन दिने बैंक तथा वित्तीय संस्थाले त्यस्तो निवेदन साथ सो सम्बन्धमा यस बैकबाट अन्तिम टुंगो नलागेसम्मको अवधिको लागि त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको शेयर खरिद बिक्री कारोवार रोक्का भएको व्यहोराको नेपाल स्टक एक्स्चेन्ज लि. को पत्र समेत पेश गर्नु पर्ने ।

२. **गाभ्ने/गाभिने सम्बन्धमा**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९ वमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न वा गाभिनको लागि यस बैंकमा निवेदन पेश हुन आएमा निम्नानुसार गर्ने ।

क. विद्यमान पूँजी संरचनामा नै एक आपसमा गाभ्न वा गाभिनको लागि सैद्धान्तिक सहमति पाउँ भनी निवेदन दिने बैंक तथा वित्तीय संस्थाहरुले त्यस्तो निवेदन साथ सो सम्बन्धमा यस बैकबाट अन्तिम टुंगो नलागेसम्मको अवधिको लागि त्यस्तो इजाजतपत्रप्राप्त संस्थाहरुको शेयर खरिद बिक्री कारोवार रोक्का भएको व्यहोराको नेपाल स्टक एक्स्चेन्ज लि. को पत्र समेत पेश गर्नु पर्ने ।

ख. विद्यमान पूँजी संरचना समेत परिवर्तन गरी एक आपसमा गाभ्न वा गाभिनको लागि सैद्धान्तिक सहमति पाउँ भनी निवेदन दिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रचलित कानूनी व्यवस्था अनुसार पहिले पूँजी संरचना परिवर्तन सम्बन्धी प्रस्ताव उपरको कारवाही टुंगो लागी पूँजी बृद्धि भएपछि मात्र गाभ्न वा गाभिनको लागि निवेदन दिनुपर्ने ।

विद्यमान नीतिगत तथा प्रकृयागत व्यवस्था अन्तर्गत रही खण्ड (क) र (ख) बमोजिम निवेदन साथ संलग्न कागजात तथा विवरण पेश हुन आएपछि सो उपर छानबिन गरी पैंतालिस दिनभित्र र निर्णयकै सिलसिलामा कुनै विवरण वा कागजात मागेको अवस्थामा थप पन्ध्र दिनभित्र यस बैंकले सो सम्बन्धी निर्णयको जानकारी सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई दिनेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. **गाभिई स्तरोन्नति हुने सम्बन्धमा**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९ वमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिई सोही ऐनको दफा ३६ बमोजिम माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुनको लागि यस बैंकमा निवेदन पेश हुन आएमा सर्वप्रथम बुंदा नं. २ अनुरुपको प्रकृया अवलम्वन गर्नु पर्ने र सो अनुरुप टुंगो लागे पछि मात्र बुंदा नं. १ अनुरुपको कारवाही अगाडि बढ्ने ।

बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने, पूँजी बृद्धि गर्ने र स्तरोन्नति हुने विषयहरु अलग-अलग विषय भएको हुँदा निवेदक संस्था/संस्थाहरुले बुंदा नं. १ वा २ अन्तर्गतको कुन खण्ड अनुरुप निवेदन दिएको हो सो स्पष्ट खुलाउनु पर्ने र यसरी नेपाल राष्ट्र बैंकमा निवेदन दिंदा सोको जानकारी सम्बन्धित संस्थाले अनिवार्य रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लि. लाई पनि गराउनु पर्ने ।

भवदीय,

(रामहरि न्यौपाने)
उप-निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
९. श्री नेपाल धितोपत्र बोर्ड., थापाथली, काठमाडौं ।
१०. श्री नेपाल स्टक एक्स्चेन्ज लि., सिंहदरवारप्लाजा, काठमाडौं ।